बैठक संख्या :- ५

आज मिति २०७९।०३।२२ गते बुधबारका दिन यस ईच्छाकामना गाउँ कार्यपालिकाको बैठक, गाउँपालिका अध्यक्ष श्री दानबहादुर गुरुङको अध्यक्षता तथा तपशिलका कार्यपालिका सदस्यको उपस्थितीमा बसी तपशिलका निर्णयहरु गरियो ।

<u>उपस्थिती</u>

| | |
|---|---|
| १. श्री दानबहादुर गुरुङ | अध्यक्ष |
| २. श्री माया सिलवाल | उपाध्यक्ष |
| ३. श्री सन्तबहादुर मगर | १ नं. वडाध्यक्ष |
| ४. श्री पञ्चबहादुर प्रजा | २ नं. वडाध्यक्ष |
| ५. श्री नरबहादुर नेपाल | ३ नं. वडाध्यक्ष |
| ६. श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडाध्यक्ष |
| ७. श्री तेजबहादुर शेरचन | ५ नं. वडाध्यक्ष |
| ८. श्री लक्ष्मण प्रजा | ६ नं. वडाध्यक्ष |
| ९. श्री बम बहादुर थामा मगर | ७ नं. वडाध्यक्ष |
| १०. श्री अञ्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १२. श्री परीमाया कामी | कार्यपालिका सदस्य |
| १३. श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १४. श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. श्री दुर्गा देवी खड्का | नि. प्रमुख प्रशासकीय अधिकृत |

<u>अन्य उपस्थिति</u>

| | |
|---|---|
| १७ श्री बासु पण्डित | अधिकृत सातौं |
| १८ श्री सबिता अर्याल | अधिकृत सातौं |

## मिति २०७९।०३।२२ को गाउँकार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १:** ईच्छाकामना गाउँपालिकाको आगामि आर्थिक वर्षका लागि प्रस्तावित आर्थिक विधेयक, २०७९, विनियोजन विधेयक, २०७९, आय व्ययको विवरण सहितको वार्षिक बजेट मिति २०७९।०३।१० पेश भएकोमा केही नाम र रकम संशोधन सहित समग्र बजेटमा फरक नपर्ने गरी सत्सठ्ठी करोड चौवालिस लाख पैंतिस हजारको बजेट स्विकृत गरी मिति २०७९।०३।२३ गते बस्ने गाउँसभा बैठकमा पेश गर्ने,

**निर्णय नं. २:** ईच्छाकामना गाउँपालिकाद्वारा संचालन भएका तपशिलका ठेक्का योजनाहरु पटक पटक म्याद थप गर्दा, विभिन्न समयमा काम गर्न छलफल गर्दा समेत उल्लेख्य प्रगति नदेखिएकाले ठेक्का सम्भौता रद्द गरी रद्द भएका फर्महरुको धरौटी जफत गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम कालो सुचीमा समावेश गर्नकालागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने,

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | सम्भौता मिति | सम्पन्न हुनुपर्ने मिति | अन्तिमपटक म्याद थप पछिको सम्पन्न हुनुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/IRM/11/078/O79 | Base Camp Samma Kalopatre Ward no.04 | D.B.Ghimire Construction | 078/12/07 | 079/02/15 | 079/03/15 |
| २ | NCB/IRM/12/078/O79 | Muglin Tamin Ichchhakamana Mandir Jane Pakki Sadak Ward no.05 | D.B.Ghimire construction | 078/12/07 | 079/02/15 | 079/03/15 |
| ३ | NCB/IRM/24/076/O77 | गाउँपालिका सम्म कालोपत्रे | जलेश्वर निर्माण सेवा | | 078/12/30 | 079/03/15 |
| ४ | NCB/IRM/29/076/O77 | बर्थिङ सेन्टर माझगाउँ | इन्जिनियरिङ कन्सट्रक्सन एण्ड माइन्ड क्राफ्ट सर्भिसेस प्रा.लि. | 077/12/29 | 078/12/30 | 079/03/15 |
| ५ | NCB/IRM/21/077/O78 | सिमलढाप पिपलटार बिचको कालोपत्रे | अन्जना निर्माण सेवा | 076/12/07 | 078/12/30 | 079/03/15 |

**निर्णय नं. ३:** स ईच्छाकामना गाउँपालिकाको कर्मचारी व्यवस्थापनका सम्बन्धमा विभिन्न समयमा गाउँपालिका बाहिर प्रश्न उठ्ने गरेको, केही कर्मचारी दरबन्दि भन्दा बाहिर रहेको केही कर्मचारी कार्यसम्पादन स्तर राम्रो नभएको लगायतका विविध प्रश्नहरुलाई सम्बोधन गर्न तथा गाउँपालिकाको समग्र कामकारवाहीलाई चुस्त दुरुस्त बनाईराख्न गाउँपालिकामा कार्यरत कार्मचारीहरुको विषयमा करार म्याद थप नगर्ने प्रस्ताव गाउँ सभामा लैजाने

| सि नं. | कर्मचारी नाम थर | सेवा समुह | अवधि थप नगर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदिप त्रिपाठी | ईन्जिनियर | स्थायी ईन्जिनिर नै २ जना भईसकेको र दरबन्दि नभएको | |
| २ | सुजन अर्याल | सुचना प्रविधि अधिकृत | कार्य सम्पादन सन्तोषजनक नभएको | |
| ३ | कुम बहादुर गुरुङ | सहायक कम्प्युटर अपरेटर | दरबन्दि नभएको | |
| ४ | आस्था त्रिपाठी | सहायक कम्प्युटर अपरेटर | दरबन्दि नभएको | |
| ५ | लक्ष्मि त्रिपाठी | सामाजिक परिचालक | विपन्नको आगनमा स्थानीय सरकार नामको प्रोजेक्टको लागि राखिएकोमा हाल सो कार्यक्रम नभएको | |
| ६ | विनोद गुरुङ | सामाजिक परिचालक | विपन्नको आगनमा स्थानीय सरकार नामको प्रोजेक्टको लागि राखिएकोमा हाल सो कार्यक्रम नभएको | |
| ७ | राजकुमार त्रिपाठी | उपाध्यक्ष सचिवालय कर्मचारी | पूर्व उपाध्यक्षको कार्यकाल सकिईसकेकोले | |
| ८ | दण्डबहादुर गुरुङ | हलुका सवारी चालक | अध्यक्ष चालक पदमा कार्यरत रहेकोमा अध्यक्ष फेरिएकाले | |
| ९ | सरोज त्रिपाठी | एम्बुलेन्स चालक | राजश्व हिसाब नबुझाएको र कार्यसम्पादन राम्रो नभएको | |
| १० | नविन थापा मगर | कार्यालय सहयोगी | कार्यसम्पादन सन्तोषजनक नभएको | |

**निर्णय नं. ४:** गाउँपालिकामा स्थापना भएको खानेपानी शुद्धता जाँच ल्याब संचालनको लागि तयार भएको "गाउँपालिका स्तरमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" स्विकृत गर्ने,